कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

*KIRTIPUR SANDESH WEEKLY* साप्ताहिक

वर्ष ४ अंक ३२ (संयुक्तांक १८६) ने. सं. ११३५ चिल्लागा षष्ठी बुधवाः २०७१ फागुन २७ गते बुधवार (Mar-11, 2015) पृष्ठ १० *मूल्य रु.५/-*

श्री श्री श्री

## श्री सहकार्य हार्डवयेर हाउस प्रा. लि.

### निमन्त्रणा

### Invitation to Grand Opening

**यस संस्थाको समुद्‌घाटन समारोहमा उपस्थित भइदिनु हुन यस संस्थाका सम्पूर्ण ग्राहक, प्राविधिक वर्ग तथा शुभचिन्तकहरुलाई हार्दिक निमन्त्रणा गर्दछौं ।**

**हाम्रा सेवा र सुविधाहरु:**

- रङ्गरोगनका सामग्रीहरु
- ट्वाइलेट, बाथरुम, र स्यानिटरीका सामग्रीहरु
- प्लाइ, टीक, र काठसम्बन्धी सामग्रीहरु
- टायल, फलामका एडगल, र फिटिङ्सका सामग्रीहरु
- घर निर्माण र इन्टेरियर डिजाइनसम्बन्धी निःशुल्क परामर्श
- आवश्यक दक्ष प्राविधिकको व्यवस्था

**यी सेवाहरु होलसेल मूल्यमा ग्राहक वर्गलाई उपलब्ध गराउँदछौं ।**

**यसै अवसरमा, घर निर्माणमा संलग्न घरधनी, सम्पूर्ण प्राविधिक (प्लम्बर, पेन्टर, डकर्मी, सिकर्मी, आदि), तथा ठेकेदार र इन्जिनियर मित्रहरुलाई यस संस्थाको शेयर सदस्य बन्नको लागि हार्दिक अनुरोध गर्दछौं ।**

**समुद्घाटन कार्यक्रम:**

मितिः २०७१ फाल्गुन ३० गते, शनिवार

समयः बिहान ९ बजे

स्थानः श्री श्री सहकार्य हार्डवेयर हाउस
बाहिरी गाउँ, कीर्तिपुर-१७
(कीर्तिपुर बहुउद्देश्यीय सहकारीको पुरानो भवन,
विद्युत प्राधिकरण अगाडि)

Duro Ply
A1 Ply

Rathicol

asianpaints

Mangalam
FlowLife CPVC
PIPES & FITTINGS
A Joint Venture with SFMC India.

फुटदैन... फुटदैं फुटदैन



सम्पर्क नं.: ०१–४३३५५९१, ९८०८८८४४८४, ९८०८८८४८३, ९८४१४०३१७१, ९८४३५२१२७७, ९८४१८८९६५५, ९८४१३८९७९५

# स्वाइन ल्फु छु खः ?

डा.तुल्सीनारायण श्रेष्ठ



तामदुनि बर्ड ल्फु वया लखं लख खात स्याना मनूतयृत खाया ला नयेत तकं ग्याका बिल । आः हानं स्वाइन ल्फू वया ख्याना हल । खला थ्व ल्फू धैगु ल्वय् इलय ब्यलय् वयाच्वनी, वनाच्वनी । स्वाइन ल्फू वया न्हापा नं ख्याना, मनू स्याना वने धुंकूगु खनि । ल्फूत वल धकाः आश्चर्य चायेमाःगु मदु । मात्र होशियार ज्वीमाःगु दु । स्वाइन ल्फू धायेबलय् फा, बंगुर पाखें मनुतयृत सरे जुयाः वैगु खः । स्वाईन ल्फू थुपिं हे जनावर व झंगपंछितयृत शेखं चायकीम्ह विषानु (Virus) जुल । शेखंचाया इपिं फा, बंगुर व चिकं लापातयृत ला छुं नं ज्वीमखु । शेखं चाइ लनावनी । तर वहे शेखंया विषानु अर्थात स्वाईन ल्फू विषानु अजाःपिं जनावर व झंगपंछिपाखें मनुयात सरेजुल धाःसा मनु सीतकं फु । सिना वनाच्वंगु दु । खला न्हापा मनुयात नं स्वाइन ल्फू नं थिलकि शेखं चाइगु खः । तर तच्वः जुलकि स्वें थिया निमोनिया जुया मनु सीगु खः वासः याये लिपालात कि । थ्व स्वाइन ल्फू नं मनू संक्रमित जुल कि, संक्रमित जूम्ह मनु नं मनुयात याउँक अपुक हे सरे याई । मनुत पेशाया कारणं अजापिं जनावर व झंगपंछित नाप छ्यासमिस ज्वीमाली, लिच्वः विषानु मनुयात सरे ज्वी ।

थौंकन्हे थ्व च्वसु च्वयाच्वना तकया इलय् भारतय् च्यासः गुसः मनूत थ्व ल्वचं सी धुंकल धाःसा, झिंस्वद्वः नं मयाक मनूत संक्रमित जुयाच्वंगु दु । गुलि लाई, गुलि सी लिपाया खँ जुल । नेपालय् छम्ह मनू सी धुंकल धाःसा नीखुम्ह मनू संक्रमित ज्वी धुंकल । लिच्व स्वयेमानी । थ्व स्वाइन ल्फूया विषानुयात एच वान एन वान (H1 N1) धाई । विषानुतय् थजाःगु थीथी नां सर्वसाधारण लागि वास्ता दैमखु, मात्र शैक्षिकस्तरया लागि जक जुई । थ्व विषानु संक्रमन जुलकि याकनं जुसा प्यन्हु, लिबाक जूसा न्हय्न्हुया दुने लक्षण व चिंत खनेदया वै । न्हापांला शेखं कथंया लक्षण व चिन्हत खने दया वै । मुसु वै, छ्युं छ्युं वै, न्हासं न्हि सुलसुलु वै, भचा भचा ज्वर वै, भचा भचा कथु स्याई, भचा भचा म्हं स्याई, न्हाय् बन्द ज्वी, सासः ल्हाय् थाकुथें च्वनी, छ्यं कपाः स्याई झाडा जुई, आदि जुई । यदि संक्रमित मनूयाके ल्वय्नापं ल्वाय्गु प्रतिरक्षा प्रणाली इम्युनीति बःलासा उलीहे लनावनी । सामान्य शेखं लाई थें । तःच्वः जुया वैमखु । यदि इम्युनीति बः मलात धाःसा ल्वय् तःच्वः जुयावै । चिन्ह व लक्षणत झन झन तःच्वः जुया वै । खास याना सीकेमागु स्वाईन ल्फूया चिन्ह व लक्षणत खः । सासः ल्हाय् झनझन थाकुया वै, ज्वर बढेजुया १०३, १० फरेन्हाइट थ्यना वै, कथु तसकं स्याना वै, छ्यं कपा तसकं स्याना वै । थुकीं स्वाईन ल्फूया शंका याईसा पक्का निदानया लागि थ्रोत स्वाव (Throat Swab) याने कथुई कपाचं हुया कया वःगु खै वा ईयात कलचरयाना जाँच यानाः स्वय्मा । संक्रमितया स्वास्थ्य विषानु दयाच्वनी । जाँचया लागि स्वनिगलय् टेकु सरुवा रोग अस्पतालय् वनेमा । निदान पक्का जुल याने स्वाईन ल्फू खनेदत धाःसा, आसे मलाः मधाःसे तुरुन्त अस्पतालय् भर्ना ज्वीमा । थ्व ल्वय्यात छें च्वना वासः याये मज्यू । तुरुन्त मेपिन्त सरे जुइयः । वासः गुलिलिपा लात उलिहे ज्यान वनीगु खतरा दै । ल्यय् सासलं वा फसं सरे ज्वी । हानं वासः पसले गनं न्यायेगु दैमखु । अयजुया अस्पतालय् वनेमाः । थ्व ल्वय् पाखें जोगय् ज्वीगु लागि न्हापां म्हुतुइ मास्क तयाज्वीगु, हुलमुल थाय् मवनेगु, संक्रमित मनुतय्सं वा शंका दुपिंसं लालाथाय् खै मफाय्गु, ई मफाय्गु, छिउँ वलकि रुमालं न्हाय्प्वाः तीगु, सुं मनू नापलाईबलय् हाइ हालो याना ल्हा ल्वाकेगु मखु, झिपतिं ल्वाकाः नमस्ते याय्गु, संक्रमित या न्यंक जक मखु वं चलय् यानातःगु फुक्क सामानत गथे कि वसः रुमाल, लासाफांगा नय त्वने यागु थलबल आदि सकताय् नं विषानु दै । वनापं छ्यासमिस याये मज्यू । स्याहार सुसार याइम्हेसिनं विशेष सुरक्षा अपनय् यायेमाः । संक्रमित चलय् याना तःगु फुक्कं ज्वलंत वासः तया हिलेमाः हीमा । खास याना थ्व ल्वय् दुथासं वःपिं गथेकि थौंकन्हे भारत, थ्व ल्वय् दुथासं वःपिं जुल, नेपालय नं ल्वय् दुथासं वःपिं वा च्वंपिं जुल अजागु थासं वःपिं मनूत नापं शतर्क ज्वीमाल, अजाःगु थासे मवनेमाल । वने हे माःसा नापलाय् हे मासा सतर्क जुया सुरक्षित ज्वीमाल । अय्जुया नेपालय् जक मखु भारते तक ल्वय् नियन्त्रणय मवतले सतर्क ज्वीमाल ।

थ्व स्वाइन ल्फूया विशेष, अलग्ग हे वासः दु । तर बजारे मदु । सरकारी अस्पतालय् व नं टेकु अस्पतालय् जक दै । व्यक्तिगत कुतःया नापनापं राज्य पाखें नं ल्वय् नियन्त्रणय् हय्त विशेष कुतः यायेमाः । राज्यपाखें जनतातयृत थ्व ल्वय् पाखे जोगय् याय्गु लागि थौं कन्हे भारते गन गन थ्व ल्वय् दु अन अन वःपिं व)पिं मनूतयृत सिमाना सिमाना हे नेपाः दुहाँ वये न्ह्यः इमिके ल्वय् दु मदु सीकेया लागि जाँच याना जक दुत कायेमा । ल्वय् दुपिन्त तुरुन्त छखेतया अस्पताले छोय्मा । शंका दुपिन्त निदान लिपा जक त्वःतेमाः । थाय्थासय् रोग निदानया लागि ज्वलंत हय्माःसा अस्पताले अलग्ग थाय् दय्माः । न्यंक वासःया व्यवस्था दयमाः । मखुसा सासलं सरे ज्वीगु फसं सरेज्वीगु जुया भ्व का भ्व मनूत संक्रमित जुईयः । लकय् याना लकय् थाये मफययः ।



# शताब्दी पुरुष संस्कृतिविद् सत्यमोहन जोशीको चित्र अंकीत चाँदीको सिक्का

शताब्दी पुरुष संस्कृतिकविद्, साहित्यकार एवं जीवत सम्पदाको रुपमा लिएका व्यक्तित्व डाक्टर सत्यमोहन जोशीको चित्र अंकित चाँदीको सिक्का एक समारोह वीच गत हाली पूर्णिमको दिनमा विमोचन भएको छ ।

न्हूजः गुथिले तयार गरेको सो सिक्का उपप्रधान एवं सघीय मामिला तथा स्थानीय विकासमन्त्री प्रकाशमान सिंहले विमोचन गर्नु भएको हो । न्हूजः गुथिका अध्यक्ष सुरबहादुर श्रेष्ठको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रमुख अतिथि उपप्रधान मन्त्री प्रकाशमान सिंह, शताब्दी पुरुष डा. सत्यमोहन जोशी, नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जन, त्रिरत्न निकेटनका अध्यक्ष ईन्दिरा प्रसाई, सुवर्ण राजभण्डारी र गुथिका अध्यक्ष श्रेष्ठ लगायतका व्यक्तित्वहरुले बोल्नु भएको थियो ।

नेपालभाषा क्षेत्रदेखि राजनीतिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरु सहभागी भएको सो समारोहमा न्हूजः गुथिले संस्कृतिविद् जाशीको सम्मानमा सो सिक्का बजारमा ल्याएको जानकारी दिएको छ । चाँदीको सो सिक्का बजारमा किन्न पाइने समेत गुथिले बताएको छ ।

कार्यक्रममा उपप्रधानमन्त्री सिंहले शताब्दि पुरुष, संस्कृतिविद् एवं नेपालभाषा एकेदेमिका चान्सलर डा. सत्यमोहन जोशीलाई राज्यको तर्फवाट पनि शताब्दी पुरुष घोषणा गर्न लगानउनका लागि आफूले भूमिका खेल्ने बताउनु भएको थियो ।

## *सौरभ शाक्यया निपू चिबाखं*

### थौंया मचा

अफिसं लिहाँवया कोठाय् हे दुहाँ मवनानी स्वाहान च्वय् संदना जि वःगु खनेवं तिरिमय्जुया सःलं न्हाय्पं चाल "बाउचा जाः मनसें कलेज वन !"

तिरिमयजुया सःलय् जिगु म्हुतु मचायेक गुत "छाय् लय् ? जाँच अप्वः म्वाल, धन्दा जुया जुइका !"

तिरिमयजुं धाल "मखु, बाउचिया ख्वाःनं ख्यूँ ! छुं छां जुल ला ! छिँ जक छुं धया दियाला ? थौं कन्हय्यापिं मचात ! छुं जक पुरे मजूला ला !"

"जिं ला छुं मधयाथें च्वं ! अँ नेटया लाइन काटेयाकागु लिं जक .... जाँच वगुलिं ..."

"खयेफु .... उखुनु नं नेट मवः धकाः हिचाःगु, लासा बानं काटे याकल ला हँ !" तिरिमयजुं धाल ।

तिरिमयजु च्या दायेक वंतलय् जि पिहाँवना लाइन तक वना ।

बहन्हि बैगलय् थहाँवम्ह काय् भाजुया ख्वाः चकं । जा नये धुंका काय् भाजुया शंका ब्यन, "बाः नेटया तार म्वाःगु लाईन काये मालथें ! स्वले न्हाच सुथय् लाइन हे काटेयाना हल धयां, थजाःगु तालं जाँच गथे बिये जिं"

आः धाःसा काय्या खँलं निम्हतिपू वाताहाँच्वन । निम्हसिया मनय् धौ बजि वाल, "कम्प्यूटरय् नेट जक स्वया जाँचय् गथे पास जुइथें ।"

काय् नं उमित नयेथें स्वइच्वंगु खनाः उमिसं छ्यंलय् चासू म्वयथें यात ।

### माकः जात

खःला व थासय् मेपिं पशु पंछी नं दु तर बहुमत माकः तयेगु जक दु अले चुनावय् त्यानावइपिं फुक्कं माकःत मेकथं धायेसा व थासय् माकःतयेगु राज ।

छन्हू छम्ह माकः तिँतिँ न्हुया संबले तुँथि कुतु.वन । "ग्वाहाली ... ग्वाहाली ...बचेया ... बचेया ... हाःगु सःलं माकःत फुकं अन मूं वल ।

छम्ह माकं तसकं नुगः मछिँका धाल, "थ्व माकः गथे कुतूंवन ?"

मेम्ह माकं लिसः बिल, "वला कुतूंवम्ह माकः थकाया न्यनेमानि का !"

छम्ह माकं तं पिकया धाल, "थन तूं दयेकूम्ह सु वइत यखाया स्यायेमाः व माकया सत्रू खः ।

छम्ह बुराम्ह माकं लिसः बिल, "थ्व तूं तसकं पुलांगु खः सुनां दयेकूगु खः जिं नं मस्यू ।"

"थ्व मनू वं हे दयेकूगु ज्वीमाः सु मनू खः पत्ता लगे हे यायेमाः अले वइत पंचायत च्वना दण्ड बिइमाः ।" मेम्ह बुद्धिजिबी ख्वाःवम्ह माकलं भाबुक जुया न्वंवात, "तूं न्ह्याम्हसिनं दयेकूगु थजुयेमाः अन भ्री माकः कुतुवंगु, वइत थकायेमाः ।"

उबले हे नेता ख्वाःवम्ह छम्ह माकःया सःथ्वल, "कुतूवंम्ह ला भ्री माकः हे खत तर नं हाकूम्ह ला सिइम्ह ला, न्हिप्यं दुम्ह ला मदुम्ह ला, भुतिमाकःला ? सिमां कुतूंवम्ह माकःला ? थ्वला सिइके मालनि ।"

तुंथि फुकं माकःत क्वस्वया न्यन, "अय् कुतूंवम्ह माकः ! छंगु छु जात ? भुतिमाकःला ? सिउम्ह ला, हाकुम्ह ला ? न्हिप्यं ताहाःम्ह, चिहाम्ह, सु गथे खः छ ?"

लिसः छ्वूहेसः ख्वयाःच्वन, "ग्वाहाली ...ग्वाहाली ... बचेया, बचेया ।"

माकः नाइकैं धाल, "वहन्हि नं जुल, माकः सु गजाःम्ह नं मसिल उकिं कन्हय् सुथय् थनहे सकलें वा " धया वन । नाइके वनेवं व ल्यू ल्यू सकलें वन ।

कन्हय् सुथ न्हापां सकलें अन मुंवल । पालाक्क तुंथि क्वस्वल । तुथिँला माकः लखय् ल्यं ल्यं बुयाच्वन ।

कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ४ अंक ३२ (संयुक्तांक १८६) ने. सं. ११३५ चिल्लागा षष्ठी बुधवाः २०७१ फागुन २७ गते बुधवार (Mar-11, 2015) पृष्ठ १० मूल्य रु.५/-

## कीर्तिपुर नगरपालिका प्रमुख विहिन

# कीर्तिपुरवासीद्धारा केशव भट्टराईको माग

**कीर्तिपर सन्देश साप्ताहिक/**

सामान्यतयाः दुई वर्ष नपुगी कुनै पनि कर्मचारीलाई सरुवा नगरिने प्रावधानका कारण की.न.पा.का कार्यकारी अधिकृत केशव भट्टराईलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले अर्को निर्णय नभएसम्मका लागि मन्त्रालयमा काज बोलाएको थियो । उहाँको स्थानमा गत मंसिर २० गते तीन महिनाको लागि भनेर ई. दिनेश प्रसाद थानिलाई काजमा खटाएइको थियो ।

कार्यकारी अधिकृत दिनेश प्रसाद थानि कांग्रेस पृष्ठभूमिका कारणले कांग्रेसले पाएको स्थानीय विकास मन्त्रालयले कीर्तिपुरका नेपाली कांग्रेसका कार्यकर्ताहरुको मांग बमोजिम नै थानिलाई कीर्तिपुरमा खटाएको चर्चा थियो । थानि ३ महिनामा एक महिना पनि अफिसमा नबसी काजको ३ महिना बिताउनु भयो । अहिले कीर्तिपुर नगर पालिकाबाट रवाना पत्र बुझ्रेर जान लाग्दासम्म अर्को कार्यकारी अधिकृतको टुंगो लागेको छैन ।

यसै सन्दर्भमा कीर्तिपुरवासीले समयावधि नसकिंदै मन्त्रालयमा हाजिर गराएका पुराना अधिकृत केशव भट्टराईलाई नै की.न.पा.मा फिर्ता बोलाउनु पर्ने मांग गर्न थालेका छन ।

कीर्तिपुर नगरपालिकामा पहिलो पटक सबै वडा कार्यालय एवं शाखा उपशाखाहरुमा भए गरेका कामकाजको उहाँले आफै स्थलगत जाँचबुझ गरी कारवाही अगाडि बढाएका थिए । योजना कार्यान्वयन एवं नक्सा पासका विषयमा भएका जनगुनासोलाई मेटाउन समेत हरतरहले प्रयासरत थिए । नक्सा पासका लागि सेवाग्राहीले आफैले फाईल बोक्दै हाकिमहरुका कोठा चाहार्नुपर्ने स्थितिको त करीव करीव अन्त्य नै गरी सकेका थिए । निज भट्टराईले सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, प्रगति समीक्षा, सहभागितामुलक योजना तर्जुमा लगायत नगरवासीसँग नजिकको सम्बन्ध स्थापित गरी सुशासन तथा पारदर्शिता कायम गर्ने निकै जोश जागर चलाएका थिए ।

२०७१ को दशैं तिहार लगतै योजना कार्यान्वयनको प्रक्रिया सुरुवात गरी सकेका थिए । वडा भेलालाई सबै किसिमको योजना छनौटका लागि सिफारिस गर्ने अख्तियार दिएका थिए ।

आफ्नै भवन निर्माण गर्न नेपाल सरकारबाट जग्गाको भोगाधिकार ल्याउने र भवन निर्माणको लागि थप १ करोड अनुदान बजेट ल्याउन र त्यसमा भवन बनाउने कार्य तत्काल सुरु गर्ने कार्यमा समेत लागेको थियो । यति हुँदाहुँदै पनि केशव भट्टराईको सरुवा भएपछि कीर्तिपुरवासी छक्क परेका थिए ।

राम्रो कामको नतिजा राम्रै हुन्छ भन्छन् तर कीर्तिपुर नगरपालिकामा ठीक उल्टो भयो । केशव भट्टराईको सरुवा हुनाको कारणबारे कीर्तिपुरमा निकै चर्चा परिचर्चा भयो । त्यसबेला हल्ला चलेको अनुसार केशव भट्टराईको सरुवा हुनाको प्रमुख कारण मध्ये निम्न बुँदाहरु विशेष रहेको चर्चा चलेको थियो ।

नगरपालिकामा अवकास प्राप्त कर्मचारीको ठाउँमा नयाँ कर्मचारी भर्ना गर्ने, एल.जि.सी.डि.पी.को कार्यक्रमको लागि १९ वटै वडामा परिचालन हुने सामाजिक परिचालक भर्ना गर्दा नेपाली काँग्रेसको सिफारिसमा मात्र भर्ना गर्नु पर्ने नेपाली काँग्रेसको दवावलाई भट्टराईले ठाडै अस्वीकार गरी सूचना जारी गरेको, कीर्तिपुर नगरपालिका वडा नं.१३ मा रहेको सुलक्षण कीर्ति विहारलाई नेपाल सरकारले भोगाधिकार उपलब्ध गराएको जग्गामा विहारको मांग बमोजिम विना शर्त नक्सा पास गरिदिन मन्त्रीपरिषद सचिवालय, स्थानीय विकास मन्त्रालय एवं स्थानीय केही राजनैतिक कार्यकर्ताले गरेको आग्रहलाई मान्न केशव भट्टराईले अस्वीकार गरेको कारण काज सरुवा गरिएको हल्ला चलेको थियो ।

हिजो जेजस्तो हल्ला चलेको भए पनि कीर्तिपुर नगरपालिकाको भलाईको लागि उहाँलाई फिर्ता पठाउनु पर्ने कीर्तिपुरवासीको मांग रहेको छ । यसमा नेपाली कांग्रेस पार्टीले कस्तो भूमिका निर्वाह गर्ने हो हेर्न बाँकी नै छ ।

कोरीया रोजगारीको लागी
तयारी कक्षाहरु सञ्चालन

समयमै तयारीमा लागौं मेहनतमा भर परौं, भ्रममा नपरौं

तपाईंको मेहनत नै १००% ग्यारेन्टि पास

**कोरीयन भाषा**

विहान, दिउँसो र साँझ

**विशेषताहरु :**

- दैनिक ३ घण्टा EPS-Topic परीक्षाको लागि तयारी कक्षा Dictation, Listening & Reading Test र हरेक दिन Class Test र विद्यार्थीहरुको प्रगति विवरण चुस्त दुरुस्त राखी आवश्यक सरसल्लाह, अतिरिक्त कक्षाहरु तथा पाठ्य ससससामग्रीहरुको राम्रो व्यवस्था गरिने ।
- Books/CDs हरुको राम्रो व्यवस्था साथै Audio/visual,Exercise and Question Books को व्यवस्था ।
- EPS-TOPIK को परीक्षालाई मध्येनजर गरी परीक्षामा विद्यार्थीहरुलाई सामना गर्नु पर्ने सम्भावित समस्याहरुलाई सम्बोधन गर्ने गरी हरेक हप्तामा छुट्टै Weekly Model Tests पनि लिइने ।
- नियमित परीक्षाहरुको माध्यमबाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपको विशेष कक्षाहरुको व्यवस्था गरिने । त्यसमा पनि कमजोर विद्यार्थीहरुले Supporting Class अनिवार्य रुपमा लिने व्यवस्था ।
- EPS-Topic, Skill Test तथा CBT को पनि कक्षाहरु धमाधम सञ्चालन ।
- प्रशिक्षकहरु दक्ष, अनुभवी पुस्तक अनुवादक साथै विगतका वर्षहरुमा विद्यार्थीहरुलाई सर्वाधिक उत्तीर्ण गराउन सफल ।
- Korea मा पढ्न जान चाहनेहरुको लागि पनि उचित परामर्श साथै Korea जान Tourist Visa को पनि उचित परामर्श र Vocational/Job को बारेमा उचित परामर्श ।

Valley Institute Kirtipur

NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509



कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

## मुखले भन्न नछाड्ने तर सहमति गर्न नसक्ने प्रम

**वर्तमान सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री सुशील कोइरालाले लामो समयदेखि नै वीन वीनको आधारमा सहमति गर्ने भन्दै सार्वजनिक रुपमा अभिव्यक्ति गर्दै आउनु भएको छ । वार्तावाटै समस्या समाधान गर्ने र सहमति गर्ने भन्दै प्रधानमन्त्रीले लगातार रुपमा भनेतापनि पछिल्लो समयमा भने सत्ता साझेदारी दल एमालेले नै साथ नदिएको विश्लेषण गर्न थालेको छ ।**

**महत्वपूर्ण भनिएको वार्तामा सत्ता साझेदारी दल एमालेका अध्यक्ष केपी शर्मा ओली विरामी भएको कारण देखाउदै उपस्थिति नहुनु, वरिष्ठ नेता माधव कुमार नेपाललाई थाहै नभएको भन्नु र उपस्थिति भएका उपाध्यक्ष एवं उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमले विपक्षी दलहरुको आन्दोलनका कारण आफूहरु वार्तामा नआएको चेतावनी समेत दिनु भएको थियो । प्रधानमन्त्री कोइराला जहिले पनि वीन वीन आधार मा सहमति गर्ने भन्ने तर सत्तासाझेदारी दलका प्रमुख नेताहरु नै सहभागी गराउन नसक्ने साथै एमालेका अध्यक्ष ओली पछिल्लो समयमा विरामी भएको कारणले सार्वजनिक कार्यक्रममा उपस्थिति नहुने भनेपछि अव वार्ताको औचित्य समाप्त हुँदै गएको कुरा आन्दोलनरत दलका नेताहरुले बताउन थालेका छन् ।**

**सत्तासाझेदारी दलका नेताहरुलाई नै उपस्थिति गराउन नसक्ने प्रधानमन्त्री कोइरालाको आश्वासनको भरमा बस्न नहुने भन्दै ३० दलीय गठबन्धनले दोस्रो चरणको क्रियात्मक आन्दोलन जारी गर्ने अवस्था आएको छ भने दोस्रो चरणको आन्दोलन घोषणा गर्ने तयारी गरेको अवस्था छ ।**

## गजल शौरभ शाक्यया

गजल – ७

जिथें छं मतिनाय् स्याके नंला
सहयायां थ:गु मन त्याके नंला ।

छ नापं जुया छंत: म्हमसिल गथे
जिथें छं मिखाय् ख्विँ प्याके नंला ।

फय् गुखे सन छ ला उखे ब्वाँय् वन
नुग:या सर्गय् प्वालाक्क न न्याथें न्याके नंला ।

यक्व: अहँ दु छंके छ बांला:गु खँय् नं
सी त्यंगु ईला ह्वानाक्क च्याके नंला ।

जिला आ: नं छंगु लँय् मिखा लायाच्वना
वयेधया: छं मवसें आसं द्याके नंला ।

# हामी कस्ता छौं -१



–नजरराम महर्जन–

सुन्दर शान्त विशाल हाम्रो देश नेपाल । विश्वको सबभन्दा बढी उचाई भएको हिमाल सगरमाथा भएको देश नेपाल । विश्व शान्तिका अग्रदूत बुद्ध जन्मेको देश हाम्रो नेपाल ।

यही नामले, बुद्ध जन्मेको देश भएको कारणले विश्वमा नेपाल चिनिएको छ । बुद्ध जन्मेको ठाउँ लुम्बिनीमा विश्वका विभिन्न देशहरुले विभिन्न किसिमको सहयोग गरिरहेका छन । तर यही देश नेपालको एउटा भाग सुर्खेतको काँक्रेविहारमा बुद्धको मूर्तिले ठाउँ पाएन । ४० लाख पर्ने २० फुटे मूर्ति स्थापना गर्न खोज्दा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गरे । स्थापना गर्न ल्याएको मूर्तिलाई प्रहरीले लुटेर लगे । एउटा अपराधीलाई जस्तो सो बुद्धको मूर्तिलाई जिल्ला प्रहरी कार्यालयको खुल्ला ठाउँमा उतानो पारेर राखिएको छ ।

कस्तो देश हाम्रो नेपाल ? बुद्ध जन्मेको देश नेपालमा बुद्धको मूर्ति काँक्रेविहारमा राख्न नपाउने देश नेपाल । धर्म निरपेक्ष देश नेपालमा एउटा धर्मको आस्थाको धरोहरलाई यसरी लुटपाट गर्दा पनि, चोर लाई जस्तो प्रहरी बुतको चौर मा फालिराखे पनि हामी केही भन्न र गर्न सक्दैनौं । किनकी हामी शान्तिप्रिय नेपाली हौं ।

जन आन्दोलनको बलमा घोषणा भएको धर्मनिरपेक्ष शान्त सुन्दर नेपालमा शिवरात्रीको अवसरमा पशुपति दर्शन गर्न आएका भारतीय एक नेताले नेपाललाई हिन्दूराष्ट्र घोषणा गर्नु पर्ने मांग राखे । एकथरिले त्यसलाई हार्दिक स्वागत गरे । केही धर्मभिरुहरु खुशी भए । विदेशी नेता आएर हाम्रो सार्वभौमसत्ता माथि हस्तक्षेप गर्दा पनि हामी चुपचाप छौं । हिन्दूहरुको नामबाट राखिएको देश हिन्दुस्तानका सत्तापक्षीय नेताले पहिले आफ्नो देशलाई हिन्दूराष्ट्र घोषणा गर्नु पर्ने थियो । तर आफ्नो देशलाई धर्म निरपेक्ष देश कायम राख्ने अनि अर्काको देशलाई हिन्दूराष्ट्र घोषणा गर्ने मांग गर्ने हिम्मत गरे । हामी आफूलाई सार्वभौम सम्पन्न राष्ट्रका नागरिक ठान्छौं । सार्वभौम देशको आन्तरिक मामिलामा विदेशी नेता आएर यसरी हस्तक्षेप गर्न पाइन्छ ? तर नेपालमा गरिरहेका छन । हामी चुपचाप सहीरहेका छौं । हाम्रो देश कानमा तेल हालेर बसिरहेको छ । किनकी हामी शान्ति चाहन्छौं । हाम्रो देश शान्ति क्षेत्र बनिरहोस् भन्ने हामी चाहन्छौं । हाम्रो देशको आन्तरिक मामिलामा विदेशी हस्तक्षेप भइरहेको छ । हामी केही बोल्न सक्दैनौं । बुद्ध नेपालमा जन्मेको सत्य हो । तैपनि आज हामी (Buddha was born in Nepal) भनेर चिल्लाइरहनु पर ेको छ । किनकी भारतले अरबौं रुपैयाँ खर्चेर नक्कली तिलौराकोट निर्माण गरिरहेका छन् । बुद्ध नेपालमा जन्मेको होइन भारतको तिलौराकोटमा जन्मेको हो भन्न थालेका छन । लुम्बिनीमा उत्खनन गरेर प्राप्त केही पुरातात्विक बस्तुहरु चोर बाटोबाट लगेर राखिरहेका छन् ।

भारतले किन यस्तो गरिर हेका छन् त ? भारतलाई थाहा छ विस्वमा बुद्ध धर्म मान्नेहरुको जनसंख्या २ अर्बभन्दा बढी छ । हरेक ती जनसंख्याको एक प्रतिशतले मात्र पनि पर्यटक भएर घुम्न आए वर्षको अरबौं रुपैयाँ आम्दानी हुनसक्छ । हामी नेपालीहरु भने बीनाको महत्व नबुझेका कस्तुरी मृगजस्तै भौतारिरहेका छौं । हामीमा कहिले चेतना आउने होला ।

हामीमा केही बोल्ने क्षमता नै छैनन् । हामीमा सहने क्षमता भने अद्‌भूत रुपमा कायम छ । हाम्रो देशमा हवाई यातायात सुरु भएको ६५ वर्ष भैसक्यो । तर हामीसँग अन्तर्राष्ट्रिय हवाई मैदान एउटै मात्र छ । हुन त अन्तर्राष्ट्रिय हवाईमैदान बाराको नीजगढ, पोखरा र लुम्बिनीमा बनाउने भनेर कुरा चलेको पनि धेरै वर्ष भइसक्यो । तर काम भने भएको छैन । हामी नेपालीहरुको बानी कामभन्दा कुरा बढी गर्नु रहेको छ । चियाको दोकानमा, मान्छे जम्मा हुने चौतारा र चोकमा हामी राष्ट्र, राज्य र राजनीतिको बार ेमा चर्का गफ गर्छौं तर चाहिने ठाउँमा चूँ सम्म पनि गर्न सक्दैनौं । हाम्रो देश नेपालका नेताहरुले हाम्रो यही कमजोरीको फाईदा उठाउँदै लाभ लिइरहेका छन । आफूलाई कमिशन नआउने कुनै काम गर्न तयार छैन । यही कमिशनको चक्करमा परेर अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण नभएको हो । देश र जनताभन्दा पनि पार्टीको हित र कमिशनको बढी ख्याल राख्छौं ।

गत फागुण २० गते बुधवार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्कटिस एयर वेजको एउटा विमान प्राविधिक कारणले रन वे छुने गरी ग्राउण्डेड भयो । देशमा चार दिनसम्म अन्तर्राष्ट्रिय हवाई उडान भएन । हजारौं हजार यात्रुहरुले समस्या भोग्नु पर्‍यो । देशले आठ अर्ब रुपैया घाटा बेहोर्नु परेको खबर छ । अनि बल्ल वैकल्पिक अन्तर्राष्ट्रिय हवाई मैदानको खाँचो महसुस गरियो । खुबै चर्चा परिचर्चा भयो । चारदिनपछि अन्तर्राष्ट्रिय हवाई सेवा संचालन सुरु भए सँगै ती चर्चाहरु सेलाउँदै गएको छ । नपरेसम्म नचेत्ने हामी नेपालीको बानी हो । समस्या समाधान भए सँगसँगै त्यो चेतना पनि हराएर जान्छ । कारण खोला तर्‍यो लौरो बिर्सने हामी नेपालीको महान बानी नै हो । चुनावको बेला नेताहरुले जनतालाई अनेकौं आश्वासन दिन्छ । त्यही आश्वासनको भर मा जनताले नेतालाई भोत दिएर जिताएर पठाउँछ । राजधानीमा पुगेपछि ती आश्वासन र जनतालाई बिर्सिदिन्छ । जनता निरिह भएर अर्को चुनावको प्रतिक्षामा बसिरहन्छ ।

हामी सार्वभौम सम्पन्न स्वतन्त्र राष्ट्रका नागरिक हौ । फसेको हवाईजहाज हटाउन पनि छिमेकी देशको सहयोग लिनु पर्ने हामी कति सक्षम छौं भन्ने यसले छर्लंग पारि दिएको छ । हवाई सेवा संचालन भएको यत्रो वर्षमा पनि एउटा हवाईजहाज हटाउने उपकरण राख्ने ह्याउँ नभए नभएको, उपकरण तयार गर्न नसकेको देश नेपालका हामी नागरिक हौं हामी । सोझा सिधा नेपाली हौं । नेताहरुको पछि लागि हिंड्ने जनता हौं । नेताहरुको आश्वासनमा बाँच्न मन पराउने हामी नेपाली जनता हौं । नेताहरु नै विदेशको इसार ामा नाच्छ भने जनताले के गर्ने ? हामी निरिह विवेकहीन जनता हौं । हामी परजीवि हौं । जुनसुकै काम पनि सरकार या विदेशी आएर गरि दिनुपर्ने । आफ्नो योग्यता र क्षमता भैकन पनि अर्काको मुख ताक्ने परिसकेका हामी नेपालीमा जाँगर कहाँबाट आउँछ ?

काठमाण्डौंमा खानेपानीको हाहाकार छ । सरकारले मेलम्चीको पानी आउँछ भनेर आश्वासन दिएको भरमा हामी काकाकुल भएर मेलम्चीको पानीको प्रतिक्षामा छौं । हाम्रै काठमाण्डौंमै भएको पानीको स्रोत खोज्ने हामीमा जाँगर चलेको छैन । घरको धाराबाट पानी नआए मिनरल वाटर किनेर पिइरहेका छौं । अरु पानी ट्यांकरमा ओसारेको किनेर काम चलाइरहेका छौं ।

मिनरल वाटर कम्पनी खोलेर महंगोमा पानी बेच्न पल्केका व्यापारीहरुलाई पानीको अभाव छैन । ट्यांकरमा पानी बोक्ने ड्राइभरहरुलाई पानीको अभाव छैन । हामी जनतालाई मात्र पानीको अभाव छ । जनताको समस्याप्रति सरकार कहिल्यै गम्भिर भएन । न त जनताले नै कुनै प्रश्न गर्न सके । ट्यांकरमा पानी बोकेर बेच्ने व्यापारीलाई पानीको अभाव भएन, मिनिरल वाटर बनाउने कम्पनीलाई कहिल्यै पानीको अभाव भएन किन ? यो कहिल्यै जनताले सोचेका छन ? यो कहिल्यै सरकारले सोचेका छन ? सोचेको भए पानीको अभाव नै हुने थिएन । हामी जनताले सरकारलाई दवाव दिन सकेको भए पो सर कारले सोच्न बाध्य हुन्थ्यो ।

हाम्रो कीर्तिपुरकै खानेपानी को कुरा गरौं । पानीको मुहान सिमझ्वा:हिटी नजिक एकजना व्यक्तिले जमिन किनी प्लटिंग गरेर जमिन बेच्न थालेका छन । उक्त जमिनमा प्लटिंग गरी घर निर्माण गरेपछि पानीको मुहान सुक्ने पक्कै छ । यसको लागि कीर्तिपुरको जनस्तरबाट निर्माण गरिएको सिमझ्वा:हिटी खानेपानी उपभोक्ता समितिको पहलमा विभिन्न सम्बन्धित निकायमा सम्पर्क राखी सो को जानकारी जानकारी गराइयो । उक्त ठाउँमा सार्वजनिक जग्गा भएको भन्ने आधारमा जमिन नापी गर्न नापी टोली लिएर जाँदा सो जग्गा प्लटिंग गरिर हको व्यक्तिले केही व्यक्तिहरुको सहयोगमा नापीसम्म गर्न दिएन ? उपभोक्ता समितिलाई धम्क्याएर खाली हात फिर्ता पठाइयो । सम्बन्धित निकाय मौन छ । कीर्तिपुरवासी मौन छन । यो बारेमा कसैले चुँसम्म बोलेका छैनन् । एकजना व्यक्तिको कारण कीर्तिपुरका ६५ हजार जनताको खानेपानीको आधार गुम्न लागेको छ । तैपनि मेलम्चीको आसमा चुपचाप बसिरहेका छन् ? किनकी हामी शान्तिप्रिय नेपाली जनता हौं । अन्याय गर्नेको विरुद्ध उठदा त्यहाँ संघर्ष हुन्छ । संघर्ष भएपछि अशान्ति हुन्छ ।

क्रमश ...

## विकृति खः थ्व सृष्टीया



कुलबहादुर महर्जन,
ध्वाकासी पाँगा

छकः धाःगु
न्यने मास्ति वः
धात्थे हे नुगः फयाः
गवलें गवलें हे ल्वःममनी कथं
थ्व नुगःया हिनू हिनूली कीथें
मांया दुरु सवाः
थथे हे धकाः क्वथीक धाइपिं
काय् म्ह्याय्पिनि म्हुतूं

मांया दुरु सवाः
चाकु, माकु, फाकु
गथे खः अथे हे
थन सुनां धायफु ?

थथे हे च्वं धकाः
मांया दुरु सवाः

गवले मचा बुलुहुं तःधी जुइ
अबले वं सुतिइनं ल्वमंकी
मांयागु दुरु सवाः

थः ब्वःलंलिसे
ल्वमंकी
मांया हिं ब्यूगु दुरु सवाः
बुलुहुं मांयात तंकी
बिकृति खः थ्व श्रृष्टीया

## नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाले नारी दिवस मनाइयो

"परिवार राम्रो हुन नारी र पुरुषको एकात्मक सोच समान व्यवहार, समान चिन्तन हुनुपर्छ। जुन घरमा महिला र पुरुष बीच सोचाइमा विभेद छ, व्यवहारमा विभेद सिर्जना हुन्छ त्यो घर तहस नहस हुन्छ । अर्थात भ्याल नभएको घरजस्तो अँध्यारो हुन्छ । समाज एउटा रथ हो भने नारी र पुरुष रथका दुई पांग्रा हुन। ती दुई पांग्रा उतिकै स्वस्थ हुनुपर्छ।

स्वस्थ हुन समान शक्ति, समान सोच, समान क्षमता हुनु जरुरी छ। यस वर्ष १०५ औं अन्तरराष्ट्रिय नारी दिवसमा "लैंगिक मैत्री संविधान, महिला हिंसा निदान" भन्ने नाराका साथ अन्तर ाष्ट्रिय नारी दिवस मनाउन लागिरहेका छौं" ती सम्पूर्ण नारीहरुलाई कसैको व्यवहार र विचारले दुःख समस्या भोग्न नपरोस्। महिलाहरु जोस र होसका साथ सक्रिय र कर्तव्य क्षेत्रमा जुट्न र अधिकार प्राप्तिका लागि जीवनका हरेक क्षेत्रमा संघर्षशील रहन पनि उतिकै आवश्यक छ। माया र दयाभन्दा बौद्धिक क्षमतामा हक र अधिकार हुनु आवश्यक छ।"

उक्त भनाई गत फागुण २४ गते आइतवार १०५ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा नगरमण्डप श्रीकीर्ति विहार मा भएको दीप प्रज्ज्वलन कार्यक्रममा नेपाल मानव अधिकार संगठन कीर्तिपुरका अध्यक्ष नानी शोभा महर्जन शाक्यले राख्नु भएको थियो ।



त्यस्तै नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाका संस्थापक अध्यक्ष बाबुराम महर्जनले महिलाले पाएको अधिकारको सही उपयोग हुनु पर्छ। उछृङ्खल भएर लाग्नु नहुने विचार राख्नु भयो । उक्त अवसरमा नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाका पूर्व अध्यक्ष नन्द कुमारी महर्जन, कार्यसमितिका सचिव बच्चुराम शर्मा, सदस्य केशव दाहाल सदस्य बच्चुराम श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

त्यस्तै कीर्तिपुरको विभिन्न स्थानमा विभिन्न कार्यक्रम गरी १०५ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको थियो ।

## पाँगा मा.वि.मा पुरस्कार वितरण

पांगा मा.वि.ले पूर्व प्राथमिक तहमा अध्ययनरत आफ्ना विद्यार्थीहरुको माघ २१-२३ गते सम्म भएको स्पोर्टस डेमा विजयी खेलाडीहरुलाई एक कार्यक्रम गरी पुरस्कार वितरण गरियो ।

गत कार्तिक २३ गते शनिवार सभासद राजन के.सी. ले पानसमा दीप प्रज्ज्वलन गर ी उद्घाटन गरिएको उक्त कार्यक्रमको सभापतित्व विद्यालयका अध्यक्ष प्रा.डा. नन्द वहादुरले गर्नु भएको थियो ।

विद्यालय एउटा फूलवारी हो । अभिभावक, शिक्षक र व्यवस्थापनको त्रिकोणात्मक सहयोगले फूलवारी सपार्न सकिन्छ ।" स्वागत मन्तव्य दिनेक्रममा प्रिन्सिपल रमेशमान महर्जनले भन्नुभयो,

"आफ्ना बालबालिकाको पढाईको बारेमा बुझ्न र सल्लाह सुझाव दिन अनुरोध गर्दछु । खेलकुद र सांगितिक कार्यक्रमले विद्यार्थीको मानसिकको सार्थ स्वास्थ्यमा पनि राम्रो प्रभाव पार्छ ।"



उक्त कार्यक्रममा पूर्व प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरुले विभिन्न सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएका थिए ।

पुरस्कार वितरण र सांस्कृतिक कार्यक्रम पछि आफ्नो मन्तव्य राख्नेक्रममा प्रमुख अतिथी सभासद के.सी.ले "बालबालिका भनेको काँचो माटो हो। काँचो माटोबाट के बनाउने हो त्यो कुरा शिक्षक/ शिक्षिकामा निर्भर हुन्छ ।

उहाँहरुको सानो योगदानले मुलुकको मुहार फेर्न सकिन्छ। कोरा किताबी ज्ञान मात्र दिने होइन बच्चाहरुको प्रतिभा प्रस्फुटन हुने अवसर पनि दिनुपर्छ। यस्तो कार्यक्रमले त्यो अवसर प्राप्त हुन्छ ।" भन्नुभयो।

उहाँले यस सार्वजनिक शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयमा प्लस टु संचालन गर्न आफूले सक्दो सहयोग गर्ने प्रतिवद्धता पनि जनाउनु भयो।

सभाको अन्त्यमा सभापतित्व ग्रहण गरिरहनु भएका प्रा.डा. नन्दवहादुर महर्जनले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुका साथै आगामि शैक्षिक सत्रदेखि प्लस टु संचालन गर्न पूर्वाधार निर्माणतिर लागिरहेको जानकारी दिनु भयो।


सुवर्ण अवसर ! सुवर्ण अवसर !!

"Education is the Key of Knowledge"
contact for New Session
Kirtipur English Boarding High School (KEBS)

नर्सरीदेखि कक्षा ९ सम्म भर्नाका लागि सम्पर्क गर्नुहोला ।

**सुविधा तथा विशेषताहरु :**
–कक्षा १ देखि ९ सम्म करिब ५० जना विद्यार्थीहरुलाई ५०% छात्रवृतीको व्यवस्था गरिएको छ। सोका लागि चैत्र २० गतेभित्र स्कुलमा सम्पर्क गर्नुहोला।
–यातायातको व्यवस्था भएको –Computer कक्षा
–विभिन्न अत्तिरिक्त क्रियाकलाप, खेलकुद, गीत, संगीत तथा नृत्य प्रशिक्षणको व्यवस्था
–विदेशी शिक्षक, शिक्षिका द्वारा Chinees Language पढाउने व्यवस्था
–Boarders तथा Day Boarders को व्यवस्था भएको
–मन्टेश्वरी विधिद्वारा सिकाइने (Montessori Based)
–अनुभवी तथा तालिमप्राप्त शिक्षक शिक्षिकाद्वारा अध्यापन गराउँदै आइरहेको।
–SLC परीक्षामा उत्कृष्ट सहित १००% प्रथम श्रेणीमा उत्तीर्ण
–२०७२ बैशाख १५ गते सम्म भर्ना निःशुल्क गरिने।

सम्पर्क
KEBS
Tyanglaphant, Kirtipur
9849052978



*कीर्तिपुरका साथ साथै राष्ट्रिय समाचार सहितको प्रत्येक बुधवार*
*विशेष अंक कीर्तिपुर सन्देश साप्ताहिक तपाईको घर घरमा*

कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३**
**फोन नं.: ४३३३००७, ९८४१४०१०७७**

**kirtipur_sandesh@live.com**
http:kirtipursandesh.blogspot.com



गुणस्तरीय निर्माण सामग्रीगरु सुपथ मुल्यमा

हाम्रा सेवाहरु
• डन्डी • बाँस • ईट्टा
• रोडा • बालुवा • सिमेन्ट

सम्पर्क :
बालकुमारी सप्लायर्स
पागा, हनुमानघाट

प्रोप्राइटर सुरेन्द्र महर्जन
फोन : ९८४३९३४५३३, ९८०३५२३७५७, ४३३५४७६

# जन्मदिन यसरी मनाइयो



**कीर्तिपुर सन्देश साप्ताहिक**

नगां ज्ञानमाला भजन खलः नगांका संरक्षक नरवहादुर महर्जन र उहाँकी श्रीमती पुर्णमाया महर्जन चौरासी वर्ष पुरा गरी पचासी वर्ष प्रवेश गरेको जन्मदिनको उपलक्ष्यमा ज्ञानमाला भजन किर्तन गरी मनाइयो।

मैत्री प्रज्ञाभाव उत्पन्न भइ देशमा शान्तिमा शान्ति कामना गर्दै गत फागुण २३ गते शनिवार निजकै निवासमा एक कार्यक्रम गरी मनाइयो।

विहान ८ बजेदेखि १० बजेसम्म ज्ञानमाला भजन किर्तन, १० बजेदेखि शुभकामना आदान प्रदानको आयोजना गरियो।

शुभकामना दिनुहुनेहरुमा राष्ट्रिय ज्ञानमाला का पुर्व अध्यक्ष एवं सल्लाहकार शान्त रत्न शाक्य, साहित्यकार एवं पत्रकार नजरराम महर्जन, नगर मण्डप श्रीकीर्ति विहारका पूर्णमान महर्जन, नगर मण्डप श्रीकीर्ति विहार ज्ञानमालाका अध्यक्ष श्रीकृष्ण महर्जन, नगां ज्ञानमालाका नीति निर्माण संरक्षक एवं बृद्ध सेवा समितिका अध्यक्ष हिरा डंगोल, सचिव बेखाराम महर्जन, कोषाध्यक्ष विश्वराम महर्जन, सल्लाहकार हरु धनवहादुर महर्जन, अष्ट वहादुर महर्जन लगायत ज्ञनमालाका सम्पूर्ण सदस्यहरु र उहाँका परिवारजनले पनि फूलको गुच्छा, खाडा ओढाई शुभकामना दिनु भएको थियो।

उक्त अवसरमा नरवहादुर महर्जनले आफ्नो जन्मदिनको अवसरमा बृद्ध सेवा समितिलाई रु. ३०,५००/ चन्दा दिनुभएको थियो।

यो समेत गरी उहाँले पटक पटक गरी नगां ज्ञानमाला भजन खलःद्वारा संचालित बृद्ध सेवा समितिलाई रु.५१,५००/ चन्दा सहयोग दिइसक्नु भएको छ।

कार्यक्रममा सम्मानित नरवहादुर महर्जनले पनि आफूले लेखेको ज्ञानमाला भजन गाएर सुनाउनु भएको थियो।

# महिनावरी सम्बन्धि एक जानकारी



–राजेन्द्र अमात्य

महिनावारी अर्थात् रजस्वला महिलाहरुमा हुने एउटा प्राकृतिक प्रक्रिया हो। यो सामान्यतया १२/१३ वर्षपछि सुरु हुन्छ र करिब ५० वर्ष पुगेपछि बन्द हुन्छ। महिनावारी सुकेको अवस्थालाई चिकित्सा भाषाबाट मनोपाज भनिन्छ। महिनावारी सुकिसकेपछि एस्ट्रोजन हार्मोनको कमीले विभिन्न किसिमको समस्याहरु देखापर्छ। यस विषयमा सम्बन्धित चिकित्सक संगको कुराकानीको आधारमा केही कुरा उल्लेख गर्न चाहन्छु

महिनावारी सुकिसकेपछि महिलाहरुमा सर्वप्रथम यौन सम्बन्ध राख्न इच्छा कमी आउँछ। साथै हड्डी खिइने समस्या पुरषको भन्दा चार गुणाले बढी हुन्छ। महिनावरी सुकेको २ वर्षमा हड्डीको घनत्व ३ देखि ५ प्रतिशतले घटिसकेको हुन्छ र त्यसपछि प्रत्येक वर्ष १ देखि २ प्रतिशते घट्छ। महिनावरी सुकेका महिलाहरुमा ढाड-कम्मर, जोड्नी दुख्ने समस्या भईरहन्छ। साथै हड्डी भाँचिने सम्भावना बढी हुन्छ। ५० वर्ष पार गरेका महिलामा प्रत्येक ७/८ वर्षमा दोब्बर संख्यामा हड्डी फ्याक्चर भएको तथ्य चिकित्सा अध्ययनले देखाएको छ। ८० प्रतिशत कम्मरको हड्डी फ्याक्चर महिलामा मात्र पाइन्छ। ५५ वर्ष पार गरिसकेका महिलामा यस्तो फ्याक्चर हुने सम्भावना ४० गुणाले बढ्छ। ढाडको हड्डी फ्याक्चर हुने औसत आयु ७० वर्ष हो भने कम्मर फ्याक्चर हुने औसत आयु ८२ वर्ष तोकेको छ।

यी र यस्तै समस्या भोगिरहेका महिलाहरुले समयमै रक्त संचार थेरापी गर्नु पर्ने हुन्छ। साथै क्याल्सियम र कर्डिसेपका यार्सागुम्बा सेवन गर्नु पर्छ। महिनावारी बन्द भई ढाड-कम्मर, हाड-जोर्नी दुख्ने समस्या भएका महिलाहरुले रक्तसंचार एक्युप्रेसर थेरापी गर्नु अति नै लाभदायक छ। रक्तसंचार एक्युप्रेसर थेरापीको कुनै कोर्षको निश्चित नियम छैन। आफ्नो समयतालिका मिलाएर हप्ताको २/४ दिन पनि गर्न सकिन्छ। तर थेरापी के समस्याको लागि गर्दै हुनुहुन्छ ? त्यो समस्याको निदान गर्ने कुनै पनि कम्पनीको औषधी पनि सेवन गर्नु पर्ने हुन्छ।

कारणवश ठिक समयमा महिनावारी नहुने महिलाहरुले पनि रक्तसंचार एक्युप्रेसर थेरापी गरेमा समयमै महिनावारी सुचारु हुन्छ। डिम्बवाहिनी नली बन्द भई वर्षौंसम्म सन्तान जन्माउन नसकेका विवाहित महिलाहरुले रक्तसंचार एक्युप्रेसर थेरापी तथा शारीरिक अवस्था अनुसार केही सप्लीमेन्ट सेवन गरे बन्द अवस्थाको डिम्बवाहिनी नली खुलाई सन्तान जन्माउन सकिन्छ। बिना अप्रेशन बन्द भएका डिम्बवाहिनी नली रक्तसंचार एक्यूप्रेसर थेरापीद्वारा खुलाउन सम्भव छ।

अविवाहित महिलाहरु अस्वाभाविक रुपमा शारीरिक मोटोपन बढेमा डिम्बवाहिनी नली बन्द भई विवाहपछि सन्तान जन्माउन अवरोध पुऱ्याउँछ। यस्तै समस्या भोगिरहेका विवाहित महिलाहरुले रक्त संचार एक्युप्रेसर थेरापी तथा बोसो घटाउने स्लिमिङ्ग क्याप्सुल तथा क्याथिङ्ग स्लिम चिया सेवन गर्नु पर्ने हुन्छ। विहान विहान मर्निङ्गवाक मात्र गएर शरीरको बोसो घटाउन सकिंदैन। विहान ७ देखि ९ बजेसम्म कीर्तिपुर बाहिरीगाउँ अवस्थित फिट्नेस प्वाइन्ट ट्रेडिङ्गले शरीरको तौल तथा अनावश्यक बोसो घटाउने विशेष रक्तसंचार म्याग्नेटिङ्ग फिट्नेस थेरापी संचालनमा ल्याएको जाकारी प्राप्त भएको छ। म्याग्नेजिङ्ग थेरापीले पेटमा बोसोको मात्र बढी भएका महिला/पुरुष दुबैलाई उपयुक्त छ। शारीरिक मोटोपन घटाऔं, स्वस्थ बनौं।

## होइन त ?



यौपोर्ट मा ट्राफिक जाम छ भन्दै माथी आकाश मै पिलेन घुमाउनु भो, अै' ले आफै घुमेर थल्नु भो।

निरजमान सिंह

# स्वर्गिय शुकराम दाइया स्वस्थानी बाखं

६ पेजया ल्यं

थुकिया फल भोग याय्माल। आवंलि गुम्ह मनुखं भिक्षा फ्वंवःम्ह भिक्षुकयात भिक्षा मब्यूसे बिमुख अथवा चित्तदुखे यानाः छ्वइ व मनू अवश्य थ्वहे अवस्थाय् ला वइ। गुम्ह मनुखं भिक्षा फ्वंवःम्ह भिक्षुकयात भिक्षा बिया सन्तोष यानाः छ्वइ व मनुखं थःगु लोकय्नं परलोकय्नं सुख शान्ति प्राप्त जुइ। हे माता थ्व खँय् छुं हे सन्देह कयादीम्वाः ज्याथः जूसां, छ्याखः जूसां गरीव जूसां, रोगी जूसां, कुष्टिजूसां, पापी जूसां वहे दैवं ज्वरय् यायहल। भगवान श्री रामचन्द्रयात ला दैवं लगेजुया राजसिंहासनय् च्वने सत्ता भिंप्यदं वनवास वनेमाल वनवास वना नं थःम्ह स्त्री सीता हरेयाका गुलि भंभट दुःखसिया जुइमाल। हानं वहे श्री महादेव जगदिश्वर धाय्का स्वंगू लोकया अधिपति जुयाच्वंम्ह वसापोलयात नं दैव लगेजुयाः कालकुट विष ल्ह्वये मज्यू नुने नं मज्यू विचय् कथुइ थाका स्वयम् निलकण्ठ धाय्का च्वनेमाल, युधिष्ठिर थें जाःम्ह धर्मात्मा जुजुयात नं दैव लगेजुया दक्को श्री सम्पति राज्य नष्ट जुइका भिंनिदँ वनवास दच्छि गुप्तवास जुयाः वनेमाल। महारानी द्रौपदीयात दैव लगेजुया दुर्योधनया सभाय् निर्वस्त्र यानाः लज्जीत याय्गु धकाः बेइज्जत याका च्वनेमाल। महादाता धाय्का च्वंम्ह बली राजायात दैव लगेजुयाः जीवनभर पातालय् बास याय्माल। श्री कृष्णया थें माया थ्व संसारय् स्वया जक दु तर वयात नं दैव लगेजुया थःगु हे न्ह्योने थःहे छय् मचा अनीरूद्रयात वाणासुरया नागपासं चिनातःगु अले ५६ कोटि यदुवंश नास जूगु स्वयाच्वनेमाल। हानं थ्व ब्रम्हाण्ड मण्डलय् सम्पूर्ण देव मनू की, जन्तु, पन्छी राक्षस, इत्यादि गुलि जीवात्मा दु व फुक्क सृष्टि याइम्ह ब्रम्हायात नं दैव लगेजुया थःगु छयौं ध्यंकाः च्वनेमाल। हानं देवया राजा जुयाच्वंम्ह इन्द्रयात नं दैव लगेजुया न्ह्याबलें राज्य त्वःताः उखें थुखें बिस्युं जुइमाल हे माता दैवया गति उल्लंघन याये सुयां सामर्थ मदु। पूर्व जन्मय् थःम्हं छु छु पिनाः थकागु दु, वहे फल थुगु जन्मय् भोग याय्माः। गथे लःघः ज्वनाः समुद्रय् वनाः काःसां वास्तवय् लःघःलय् न्हयङक जक दै वथेतुं थःगु ललातय् च्वयातःगु जक दै। अथेजूगुलिं हजुरपिनि सल्लाह नं गनं बिल व थासय् जि खुसि जुयावने। थुकी छिं छुं हे सन्देह कयादीम्वाः धकाः गोमय्जुया थुलि वचन न्यनाः माता सतीं धाल हे पुत्री ! धन्य ज्ञानी छ थजःगु बालख अवस्थांनिसें थुलिमछि शास्त्र पुराणया ज्ञान दु गनवना गुबले सय्काः सीकाः तल धकाः मनंमनं हर्षयाना थुगु प्रकारं निम्हमाचा खँ ल्हानाः चा छ्यात, कन्हय् सुथय् थःम्ह स्वामी शिवभट्ट ब्राम्हणयात फुक्क खँ बिया जिचाभाजू शिवशर्मा व थःपिं सकलया ला लुसि ध्यनाः कन्यादान यात। माःगु सामान तयार यानाः थःगु गच्छे अनुसार पुत्री गोमय्जुयात हिरामोती मानिक रत्नादि नानां किसिमं तिसां वसः पुंकाः गुरु पुरोहित तयाः नानां किसिमं मंगलबाजा थाकाः शिवशर्मा ब्राम्हणयात गोमय्जु कन्यादान बिल। अले गोमय्जु स्वांमाः ज्वनाः शिवशर्मायात स्वकः परिक्रमा यानाः स्वांमाः क्वखाय्का प्रणामयात, कन्यादान धुंकाः शिवभट्ट ब्राम्हणं गुरु पुरोहित सहित सकल ब्राम्हणपिंत दक्षिणा बिया भोजन याकल भोजन सिधयका सकल ब्राम्हणपिं बिदा कयाः थःथःगु छेयू वन गोमय्जु शिवशर्मायात वहुत स्याहार सुसार व सेवा याना प्यम्हमाचां सुख पूर्वकं काल हनाच्वन।

**इति श्री स्वस्थानी परमेश्वरी व्रतकथा गोमय्जु इहिपा नीगू अध्याय ॥२०॥**

# विश्वकप फुटबलको लागि खेलाडी चयन



**नविन महर्जन**

विश्वकप क्रिकेले सम्पूर्ण खेलप्रेमीहरुलाई आकर्षित गरिरहेको बेला नेपाली खेलाडीहरु विश्वकप फुटबलको प्रारम्भिक छनोटको लागि संघर्षशीलको लागि तत्पररहेको छ। कुनै पनि फुटबल प्रेमीहरुको लागि फुटबलको महाकुम्भ विश्वकप मा खेल्ने भनेको एक सपना जस्तै हो । सोही सपना साकार पार्न नेपाली खेलाडीहरु आगामि सन् २०१८ मा रुसमा हुने विश्वकपको लागि प्रारम्भिक छनोट खेलमा यसै साता भारत संग भिड्ने भएको छ भने त्यसपछि अर्को खेल चैत्र ३ गते दशरथ रंगशालामा खेलिने कार्यक्रम रहेको छ ।हालसम्मको नेपाल र भारतको इतिहास पल्टाउने हो भने अहिले सम्मको १५ खेल मध्ये भारतले ११ खेलमा जित हासिल गरेको छ। त्यसमध्ये नेपालले २ खेल जितेको र २ खेल बराबरीमा टुंगिएको छ । वास्तवमा भारत दक्षिण एशियाकै बलियो राष्ट्र हो तर डेढ वर्ष अघि काठमाण्डौंमा सम्पन्न साफ च्याम्पियनसिपको समूह चरणको खेलमा नेपालले २-१ ले पराजित गरेको थियो ।

त्यसैगरी त्यसपछि दुई महिना पछि सम्पन्न सिलीगुढीमा भएको मैत्रीपूर्ण खेलमा भारतले नेपाल माथि २-० को जित निकालेको थियो। भारतले आफ्नो फुटबल खेल विकासको लागि इण्डियन सुपर लिग फुटबल आयोजना गरि अन्तर्राष्ट्रिय रुपमै आफ्नो छबी राम्रो गर्न सफल भएको छ जस्ले गर्दा उनीहरुको खेलमा सुधार हुने देखिन्छ।

आगामि फागुण २८ गते अर्थात भोलि हुने पहिलो खेलमा भारतीय खेलाडीहरुमा इण्डियन सुपरलिग खेलको खेलाडीहरुको बाहुल्यता रहेको छ जुन गुवाहाटीमा हुने छ । नेपाली र ाष्ट्रिय टिमको प्रशिक्षक ज्याक स्टेफोनोस्कीले सम्हाली राखेको छ । भारतीय टिमको प्रशिक्षण मा नेपालकै पूर्व प्रशिक्षक स्टेफोन कन्स्टेन्टाइनले सम्हाली राखेको छ। यो प्ले अफ खेल हो यी दुई टिम मध्ये जस्ले जित्छ उक्त टिम समूह चरण पुग्नेछ । दोस्रो चरणमा ८ समूहमा ४० राष्ट्र रहने छ। त्यसका समुह बिजेता र उत्कृष्ट ४ उपविजेता विश्वकप छनोटको अन्तिम चरणमा पुग्नेछन् भने साथै सन् २०१९ को एसियन कपको लागि छनोट हुने छ। गत फागुण २२ गते शुक्रवार २३ सदस्यीय राष्ट्रिय टिमको घोषणा गरेका छन । जुन निम्नानुसार छन् ... सागर थापा (कप्तान) विकेश कुथू, किरण चेम्जोङ, रितेश थापा (गोलकिपर), विराज महर्जन, सन्दीप राई, रविन श्रेष्ठ, अनन्त तामाङ, दिनेश राजवंशी, रोहित चन्द (रक्षक टोलीहरु) मिडफिल्डमा हेमन गुरुङ, रञ्जित धिमाल विक्रम लामा, भोला सिलवाल, विशाल राई, राजु तामाङ र जगजित श्रेष्ठ । त्यसैगरी अग्रपंक्तिमा अनिल गुरुङ, सन्तोष साहुखलः, अन्जन विष्ट, भरत खवास, विमल घर्तिमगर र जुमानी राई रहेका छन। त्यसै गरि प्रशिक्षकमा ज्याक स्टेफोनोस्की र सहायक प्रशिक्षकमा हरि खड्का रहेका छन् । वैकल्पिक खेलाडीहरुमा शिव श्रेष्ठ रहेका छन्।

# नेवाः एफ एमका लागि तालिम



कीर्तिपुरको न्यामासिमा क्षेत्रमा रहेको नेपालभाषा एकेदेमिले संचालन गर्दै आएको नेवाः एफ एम १०६ दशमलब ६ मेगाहर्जमा कार्यक्रम संचालनका लागि गत शनिवारदेखि तालिम संचालन भएको छ । नेवाः एफ एम व्यवस्थापन तयारी समूहले आयोजना गरेको एफ एम संचालक तालिममा कीर्तिपुर लगायत विभिन्न स्थानका एफ एम संचालकदेखि नयाँ कार्याक्रम संचालनमा इच्छुकहरु सहभागी भएका थिए ।

नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले सो तालिम दिनु भएको थियो । सो तालिम निरन्तर रुपमा संचालन हुने नेवाः एफ एम व्यवस्थापन तयारी समूहका सदस्य एवं तालिमका संयोजक ज्ञानबहादुर महर्जनले बताउनु भएको थियो । यसै वीच फागुन ३० गते नेपालभाषा एकेदमिको साधारण सभा तथा पुनर्रठन हुने भएको छ।

**उपभोक्ता बचत बजार प्रतिक्षा गर्नुहोस्**

**विस्तृत जानकारीको लागि**

**बाघभैरव इलेक्ट्रिक हाउस, कीर्तिपुर**

पाँगा दोवाटो, कीर्तिपुर सपिङ कम्पलेक्स

9851178574÷9803822153

# हार्दिक समवेदना



जन्म : वि.सं.२०१७ भदौ





स्व. राजकमार महर्जन

निधन : २०७१ फागुण २





नेपाली काँग्रेस कीर्तिपुर नगरका क्रियाशील एवं सक्रिय कर्मठ सदस्य नगाउँ निवासी **राजकुमार महर्जन**को गत फागुण २ गते ५४ वर्षको उमेरमा असामयिक निधन भएकोले हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडिमा सम्पुर्ण परिवारजनले धैर्य धारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**कृष्णमान डंगोल**
**नगर सभापति**

तथा सम्पूर्ण नगर समिति परिवार

ईकाइ सभापतिहरु

१.हरेराम महर्जन – १ वडा. इकाई
२.महेश (रमेश) महर्जन – २ वडा इकाई
३.बद्री महर्जन – ३ नं वडा इकाई
४.रामकृष्ण श्रेष्ठ – ४ नं.वडा इकाई
५.दिनेश महर्जन – ५ नं. वडा इकाई
६.रमेश मानन्धर – ६ नं. वडा इकाई
७.सुदन बस्नेत – ७ नं. वडा इकाई
८.राजेन्द्र बानियाँ – ८ नं. वडा इकाई
९.विनोद महर्जन – ९ नं. वडा इकाई
१०.विकास महर्जन – १० नं. वडा इकाई
११.विश्वजित महर्जन – ११ नं. वडा इकाई
१२.राजेन्द्र महर्जन – १२ नं. वडा इकाई
१३.राजेन्द्र विक्रम थापा – १३ नं. वडा इकाई
१४.सरोज शाक्य – १४ नं. वडा इकाई

**मीनप्रकाश महर्जन**
**नगर सचिव**

१५. जयराम कार्की – १५ नं.वडा इकाई
१६.राजेन महर्जन – १६ नं. वडा इकाई
१७.रेनुलाल महर्जन – १७ नं.वडा इकाई
१८.दिवाकर अधिकारी – १८ नं.वडा इकाई
१९.श्रीराम वास्कोटा – १९ नं. वडा इकाई
तथा सम्पूर्ण इकाई परिवारहरु

# दोस्रो टाउन प्लानिंग खारेज

कीर्तिपुरको चिखुदेखि नगाउँको छुगाउँसम्म सुरु गर्न लागेको कीर्तिपुरको दोस्रो टाउन प्लानिंग फुकुवा भएको छ। विगत १० वर्ष पहिले नयाँबजारस्थित पहिलो टाउनप्लानिंग पछि दोस्रो टाउनप्लानिंग योजना ल्याएको थियो। उक्त योजना अनुसार चिखुदेखि छुगाउँसम्मको करीव १००० रोपनी जग्गामा व्यवस्थित आवास निर्माण गर्न दोस्रो टाउनप्लानिंग योजना घोषण गरिएको थियो। योजना घोषणा गरिएसँगै विरोधको आवाज तिब्र भयो। पहिलो टाउनप्लानिंगमा भए गरेका कमजोरीहरु नहटाइकन जस्ताको तस्तै बनाउन नदिने अडान लिँदै आइरहेको थियो।

काठमाडौं उपत्यका आवास विकास प्राधिकरणले सो क्षेत्रमा घर बनाउन र कित्ता काट गर्न रोक लगाउँदै आएको थियो। नगरपालिकाले पनि सो क्षेत्रमा बनाएका घरका नक्सा पास रोक्का गरि राखेको थियो। तैपनि घर बनाउन भने रोकिएन। आन्दोलन चर्कंदै गयो। योजनाको विपक्षमा रहेका जग्गाधनीहरु मध्ये ७५ प्रतिशतले लालपुर्जाको फोटोकपिसहित विरोध गरेपछि फागुण २५ गते बसेको मन्त्रिमण्डलले सो क्षेत्रमा शहरी विकास कार्यक्रम नगर्ने र रोक्का गरिराखेका जग्गाहरुको फुकुवा गर्ने निर्णय गरिएको थियो।

# पाँगा मा.वि. बृद्धबृद्धालाई भोजन प्रदान

विद्यार्थी भनेको काँचो माटो हो। उनीहरुलाई कस्तो बनाउने भन्नेमा अभिभावक, शिक्षक/ शिक्षिकामा निर्भर गर्छ। पाँगा मा.वि.मा अध्ययनरत विद्यार्थीहरुलाई राष्ट्रिय भावना जागृत गराउन र समाजसेवाप्रति अभिबृद्धि गर्न तीनवर्ष पहिले पाँगा मा.वि.मा स्काउट ट्रुप गठन गरिएको थियो। गठन भएको तेस्रो वर्षगांठ बृद्धाश्रममा गएर मनाइयो। पाँगा मा.वि.मा अध्ययनरत विद्यार्थीहरु, शिक्षक, शिक्षिकाहरुले आफ्नो खाजा खर्च कटौती गर्दै संकलन गरिएको रकमले बृद्धाश्रममा गएर भोजन प्रदान गरिएको थियो।

स्काउट शिक्षिका मोबिला खड्काको नेतृत्वमा गएको ३१ जना स्काउटहरुले कीर्तिपुरको खहरेस्थित निजानन्द बृद्धाश्रममा रहनु भएका २८ जना बृद्धबृद्धाहरुलाई भोजन दान गरिएको थियो। ती विद्यार्थीहरुले सांस्कृतिक कार्यक्रम गरी बृद्धबृद्धाहरुलाई मनोरञ्जन पनि प्रदान गरिएको थियो। यसबाट जेष्ठ नागरिकलाई सम्मान गर्न र दान दिन प्रेरणा मिलेको सहभागि विद्यार्थीहरुले जनाएका छन।






# बिचाः हायेका



जन्म ने.सं.
१०५४ गुंलापुन्हि
वि.सं.१९९१ भाद्र ७

मदुगुः ने.सं.११३५
चिल्लाथ्व दशमी
वि.सं.२०७१/११/ १६

**मदुम्ह आजु ज्ञानमुनि बज्राचार्य**

एकिकृत नेकपा माओवादी यैँ जिल्ला लागा ल्याः १० किपू न.पा. वडा ल्याः ४ या सक्रिय दुजः व पार्टीया दुजः नापं पुलाम्ह वडा ल्या ४ या छ्याञ्जे क.चक्रमुनि बज्राचार्य (माईला), दुजः क. हर्षमुनि बज्राचार्य (कान्छा) व पार्टी शुभचिन्तक क. खड्कमुनि बज्राचार्यया बा

मदुम्ह आजु **ज्ञानमुनि बज्राचार्य**

ने.सं.११३५ चिल्लाथ्व दशमी आकाभाकां मदुगुलिं मदुम्हेसिया आत्मा चिरशान्तिया कामनायासें भिं कुलय् जन्म जुइएमा व थुगु दुःखया ईलय् सकल छेँजःपिं थःथिति पासापिं सकसिनं नं नुगः चिइ फय्मा धकाः थुगु पाटी एकिकृत ने.क.पा. माओवादी पाखें बिचाः हायेका च्वना।

**एकिकृत ने.क.पा. माओवादी**
**यैँ जिल्ला लागा ल्याः १०**
किपू नगर कचा न्हूबजाः यैँ

# राष्ट्रिय हात्तीपाईले रोग निवारणको लागि आम औषधी सेवन बारे जानकारी

परजीवीबाट संक्रमित लामखुट्टेको टोकाइबाट सर्ने हात्तीपाईले रोग निवारणको लागि वि.सं.२०७१ को आम औषधि सेवन गराउने कार्य तपाईंको घर दैलोमा तालिम प्राप्त स्वास्थ्यकर्मी तथा स्वयंसेवक हरुबाट दुई चरणमा सम्पन्न हुँदैछ।

विश्वमा हालसम्म आम औषधि सेवन कार्यक्रमका कारणले रोग प्रशारणमा ४३ प्रतिशतले कमी आएको पाइएको छ। विभिन्न सर्वेक्षणहरुले नेपालमा हात्तीपाईले रोगको परजिवीको संक्रमा सरदर १३% (जिल्ला १%-४०% सम्म) देखाएको छ। हात्तीपाईले रोगका परजिवी भएका मानिसहरुमा गोडा सुन्निने, सेतो पिशाब बग्ने, स्तन तथा जननेन्द्रिय सुन्निने जस्ता लक्षणहरु देखिन्छ। बाहिर लक्षण नदेखिएका तर शरिर भित्र यो रोगका परजिवी भएका मानिसहरुमा यो औषधि सेवनबाट शरीर भित्र रहेको परजिवी नष्ट भै रोग अझ जटिल र अशक्त हुनबाट बच्न सकिन्छ र रोगको लक्षण विकास हुन पाउँदैन। त्यसैले कोही पनि व्यक्ति हात्तीपाईले रोग लागेको होस् अथवा नलागेको होस् अभियानमा खुवाइने दुई थरी औषधिले रोगको उपचार हुनुको साथसाथै रोग लाग्नबाट समेत बचाउने हुनाले यी औषधिहरु सेवन गर्नु आवश्यक छ। यी दुवै औषधि बर्षौंदेखि उपचारको लागि प्रयोगमा आइरहेका औषधि हुन्। यो विधि अपनाई चीन, जापान, कोरिया तथा ताइवान लगायतका देशहरुले हात्तीपाइले रोगलाई निवारण गरिसकेका छन। हात्तीपाइले रोगको लक्षण देखिएमा यसको उपचार हुँदैन।

नेपालमा पनि सन् २००३ देखि नै यो कार्यक्रम शुरु भई प्रभावित सबै ६१ जिल्लाहरुमा आम औषधि सेवन कार्यक्रम विभिन्न चरणमा संचालन भइसकेका छन्। हालसम्म २० वटा जिल्लाहरुमा ६ पटकसम्म आम औषधि सेवन कार्यक्रम सम्पन्न भइसकेको छ र सर्वेक्षणले यी जिल्लाहरुमा परजिवीको संक्रमण निवारणको स्थितिमा पुगेको देखिएको छ।

हात्तीपाईले रोगको औषधि दुई वर्ष नपुगेका केटाकेटीहरु, गर्भवती र ७ दिनसम्मका सुत्केरी, छारे रोगी तथा सिकिस्त विरामीहरुले खानु हुँदैन। यो औषधि खाली पेटमा खानु हुँदैन। अरु सबै व्यक्तिले स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवकहरुले भने अनुसार खानासँगै वा खानापछि औषधि खानुपर्दछ।

हात्तीपाईलेको औषधि सुरक्षित मानिएको छ। विश्वभर अरवौं मात्रा र नेपालमा हालसम्म पटक पटक गरि ८ करोडभन्दा बढी मात्रा औषधि सेवन भइसकेका छन्। हात्तीपाईलेको परजिवी शरीरमा भएमा औषधिको सेवन गरेपछि कसै कसैमा ज्वरो आएजस्तो हुने टाउको दुख्ने, रिङ्गटा लाग्ने, वाकवाकी लाग्ने जस्ता सामान्य असर देखिन सक्छ। यस्ता असरहरु विना उपचार आफै केही समयमा ठीक भएर जान्छन्। यदि ठीक नभएमा नजिकको स्वास्थ्य संस्थामा तुरुन्त जाऔं र जाने सल्लाह दिऔं। हात्तीपाईले औषधि आफू र आफ्ना सन्ततीहरुलाई र ोग लाग्नबाट बचौं र बचाऔं।

हात्तीपाईलेको आम औषधि सेवन अभियान संचालन हुने मिति र जिल्लाहरु :

प्रथम चरणः– मिति २०७१ फाल्गुण २३, २४ र २५ गते ३८ जिल्लाहरुः भोजपुर, इलाम, झापा, मोरङ, धनकुटा, तेह्रथुम, ओखलढुङ्गा, पाँचथर, सप्तरी, सिरहा, सुनसरी, उदयपुर, कपिलवस्तु, अर्घाखाँची, बाग्लुङ, कास्की, म्याग्दी, पर्वत, लमजुङ, दाङ, प्यूठान, रोल्पा, रुकुम, सल्यान, बाँके, बर्दिया, जाजरकोट, सुर्खेत, दैलेख, बैतडी, डडेधुरा, डोटी, कैलाली, कंचनपुर, अछाम, बझाङ, बाजुरा र दार्चुलामा आम औषधि सेवन अभियान संचालन हुँदैछ।

दोस्रो चरण :– मिति २०७१ फाल्गुण ३०, चैत्र १ र २ गते – ३ जिल्लाहरुः काठमाण्डौं, ललितपुर र भक्तपुरमा आम औषधि सेवन अभियान संचालन हुँदैछ।

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**स्वास्थ्य सेवा विभाग**
**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**

# रराहिल मेमोरियल स्कुल

राराहिलनगर, छुगाउँ, कीर्तिपुर -११

## सूची दर्ता गराउने बारेको सूचना

यस स्कुलको लागि शैक्षिक वर्ष २०७२मा तपसिल बमोजिमका मालसामान तथा सेवा आपूर्ति गर्नका लागि इच्छुक आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायक व्यक्ति र फर्मको हकमा फर्म दर्ता, PAN वा VAT दर्ता र आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपिसहित कीर्तिपुर सन्देश साप्ताहिक पत्रिकामा सूचना प्रकाशित मिति २०७१/११/२७ ले १५ दिनभित्र यस स्कुलमा सूचि दर्ताका लागि निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। प्रत्येक समूहको कामका लागि छुट्टाछुट्टै आवेदन दिनुपर्ने व्होरा जानकारी गराइन्छ।

**समूहहरु :**

१. स्टेशनरी
२.स्कुल/लाइब्रेरी किताब
३.छपाई
४.इलेक्ट्रिकल सामान
५.कम्प्युटर र इलेक्ट्रोनिक सामान
६. स्यानिटेशन सामग्री
७.स्कुल पोशाक (सर्ट-पाइन्ट, टाई, बेल्ट, ट्रायक सुट, जुत्ता, मोजा आदी
८.खेल सामग्रीहरु
९.हार्डवेयर र रंगरोगन सामग्री
१०.डसना-सिरक र बेडिङ्ग सामग्री
११.भाँडाकुँडा
१२.चमेना गृह संचालन
१३. खाद्यान्न
१४.तयारी खाद्य वस्तु (बेकरी, बिस्कुट आदि)
१५.मसला (खाद्य) सामग्री
१६.तरकारी सागसब्जी
१७.फलफुल
१८.कम्प्युटर हार्डवेयर र सफ्टवेयर मर्मत
१९. फर्निचर मर्मत तथा निर्माण सम्वन्धि २०. रंगरोगन
२१.बस सञ्चालन
२२. अन्य

आवेदन बुझाउने स्थान : राराहिल मेमोरियल स्कुल, छुगाउँ कीर्तिपुर -११ वा पोष्ट बक्स नं. १९४८४, काठमाण्डौं
फोन नं.–४३३०१२१, ४३३१२४९, ४३३१२४८ email : rarahil@mail.com.np

# Career Opportunities

A well reputed school of Kirtipur, known for quality education, Hill-Town Higher Secondary School is seeking candidates for the following positions:

1. Pre-primary Teachers (Few)
Requirements:
" At least +2 or above in any discipline
" Montessori or training of similar sort is preferred
Salary: At least Rs.10,000 per month

2. Office Assistant (One)
Requirements:
" At least bachelor's degree in management
" Basic knowledge of computer
" Good typing (Both English & Nepali) skill is a must
Salary: At least Rs.11,000 per month

Interested qualified candidates can apply along with copies of their testimonials, resume, passport size photograph to the Principal by Chaitra 12, 2071
For further information, contact the school administration:

## Hill-Town School

Bagh Bhairavsthan, Kirtipur - 1
(Opposite to Bishnu Devi Health Post)
Phone no: 4331739, 4331407

# TAAL TANTRA

ART & MUSIC ACADEMY

NAYA BAZAR KRITIPUR-17



ताल तन्त्र आर्टस एण्ड म्यूजिक एकेडेमीमा सम्पर्क राखी

**योग्य एवं व्यवसायीक कलाकार बनौं**

गायन/ हार्मानियम : संगीत प्रवीण श्रीकृष्ण श्रेष्ठ र विश्व नेपाली ( + २ तथा इलाहावादबाट शास्त्रीय संगीतमा परीक्षा दिनेहरुको लागि पनि)
गीतार : सन्तोष महर्जन र मनोज महर्जन
तबला/मादल / D-Jembe: दिलिप किपू राजेन्द्र महर्जन र प्रवेश महर्जन
बासुरी: रमन महर्जन, महेश महर्जन
आर्टस् : सावित्री महर्जन र उमेश महर्जन
सारंगी : श्याम नेपाली र प्रिन्स नेपाली
नृत्य : देवेन्द्र महर्जन
Voilin (भ्वाइलिन) : योगेश डगोरिया

हाम्रा विशेषताहरु

- दक्ष एवं अनुभवी प्रशिक्षकहरुवाट सैद्धान्तिक र व्यवहारिक ज्ञान दिइने
- बालबालिकाको लागि विशेष कक्षाहरु
- संगीत, नृत्यका प्रशिक्षकहरु उत्पादन गरिने

Note
Visit & Call - 9851007405
9851045486

**धमाधम कक्षा संचलन भइरहेको छ। चाँडै सम्पर्क राख्नुहोला। सबै समस्याहरू हल गर्नेछौं।**

- Tuition Classes (8,9,10,XI, XII, BBS B.A, B.ED., BSc, MBA,MBS, MA)
- कोरियन भाषा कक्षाहरू
- लोकसेवा आयोगका कक्षाहरू
- शिक्षक सेवा आयोगका कक्षाहरू
- कम्प्युटर सम्वन्धी कक्षा तथा तालिमहरू
- अंग्रेजी भाषा कक्षाहरू

# BAGH BHAIRAB ACADEMY KIRTIPUR

(Behind Ace Bank & Everest Bank)
Ph.: 01-4334008, 9851142272